संवत् २०७७ सालको ऐन नं. ६.क. ८

## आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि प्रदेश नं. ५, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि प्रदेश नं. ५, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७७/७८ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०७७/७८ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च समेत गरी महल ६ मा उल्लिखित जम्मा रकम रू. ३६,३४,१४,६०,०००।- (अक्षरेपी छत्तीस अर्ब चौतीस करोड चौध लाख साठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को

सभामुख

निमित्त अनुसूची -२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुसूची -२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संकेतमा बचत हुने र कुनै अनुदान संकेतमा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संकेतबाट अपुग हुने अनुदान संकेतमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदान संकेतबाट अर्को एक वा एक भन्दा बढी अनुदान संकेतमा रकम सार्न, निकासा तथा खर्च जनाउन र चालु तथा पूँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संकेतभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च शीर्षक तर्फ विनियोजित रकम चालु खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(४) स्थानीय तहका लागि अनुदान संकेत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संकेतमा रकमान्तर हुने छैन ।



सभामुख

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संकेत ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संकेतमा निकासा र खर्च हुने हो सोही अनुदान संकेतमा सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u> (१) अनुदान संकेत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनेगरी प्रत्येक आर्थिक वर्षको भाद्र, कार्तिक, माघ र बैशाख महिनाको १० गतेभित्र गरी चार समान किस्तामा दाखिला गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकममध्ये सशर्त, समपुरक र विशेष अनुदानको रकम चार किस्तामा आर्थिक मामिला तथा योजना मन्त्रालयको निर्देशन बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा अन्य कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजश्व संकलन हुन नसकेमा वा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडको रकम परिवर्तन भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले अनुदानको सीमा पुनःनिर्धारण गर्न सक्नेछ ।



सभामुख

(५) उपदफा (३) बमोजिमको अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा कार्तिक, माघ, बैशाख महिनाको ७ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको भदौ ७ गतेभित्र बुझाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएमा उपदफा (३) बमोजिमको अनुदानको बाँकी किस्ता रकम रोक्का राख्न सकिनेछ ।

(७) स्थानीय तहले उपदफा (३) बमोजिमको अनुदान बापत हस्तान्तरण भएको रकम जुन बिषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजश्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा वुझाउनु पर्नेछ ।

(८) उपदफा (३) बमोजिमको अनुदान रकममध्ये आर्थिक वर्षभित्र खर्च नभई बचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत आगामी आर्थिक वर्षको साउन मसान्तभित्र प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश

लेखा इकाई कार्यालयले आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

५. **आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था :** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा स्थानीय तहले कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(२) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजीगततर्फका कुनै आयोजना स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो आयोजना प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित स्थानीय तह, सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश निकायको रूपमा कार्यालय



सभामुख

कोड दिई प्रदेशको एकल खाता कोष प्रणालीमार्फत रकम निकासा दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम स्थानीय तहको आयोजना प्रदेश सरकारको सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सो निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको खातामा जम्मा भएको रकममध्ये आर्थिक वर्षको अन्तसम्म खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा फिर्ता गर्नु पर्नेछ ।

(७) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना तथा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम नेपाल सरकारको कुनै निकायबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा



सभामुख

इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रदेशको एकल खाता कोष प्रणालीमार्फत रकम निकासा दिनुपर्नेछ ।

६. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईले प्रचलित कानूनले तोकेबमोजिमको लेखा राखी, आर्थिक विवरण प्रमाणित गराई आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणित आर्थिक विवरण र लेखा परीक्षण प्रतिवेदन शुरू विनियोजन भएको तहमा समेत पठाउनु पर्नेछ ।

७. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले प्रदेश सरकारमार्फत प्राप्त गरेको अनुदान स्थानीय तहको कानून बमोमिम खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहको कानून बनाउँदा देहायका विषय पालना हुनेगरी बनाउनु पर्नेछः-

(क) प्रदेश सरकारको आर्थिक र वित्तीय कानून तथा नीतिको विपरीत नहुने,

(ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(ग) पूँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(घ) कुनै परियोजना तथा कार्यक्रमका लागि विनियोजन भएको रकम खण्डीकरण गरी अन्य परियोजना तथा कार्यक्रममा खर्च गर्न नपाइने,

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा प्रचलित कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्नु पर्ने ।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायमार्फत खर्च गर्नेगरी रकम विनियोजन भएकोमा सो निकायको प्रमुखले २०७७ साल साउन मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँड गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक

कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँडबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

तर,

प्रशासनिक खर्च वाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विस्तृत क्रियाकलाप खुलाई साउन मसान्तभित्र सम्बन्धित मन्त्रालयबाट स्वीकृत गराई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपुरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-



सम्मानुरु

(क) एकै बजेट उपशीर्षक भित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप-घट गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश नं.५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को अधिनमा रही उही बजेट उपशिर्षक भित्र एक खर्च शिर्षकबाट अर्को खर्च शिर्षकमा थप हुने खर्च शीर्षकको शुरू विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर,

(ग) एकभन्दा बढी निकायमा बाँडफाँड भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट रकम रोक्का गरेको पत्र लिई, क्रियाकलाप परिवर्तन नगरी र कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

९. **कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्यक्न गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्वन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

समानुक

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**प्रदेश नं. ५ प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

रू. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संकेत | शीर्षकको नाम | चालु | पूँजीगत | जम्मा |
| १ | २०२ | प्रदेश सभा | ५०९२ | ० | ५०९२ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ४९४८ | ० | ४९४८ |
| ३ | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १००० | ० | १००० |
| जम्मा | | | ११०४० | ० | ११०४० |

सभामुख

अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

<u>प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम</u>

रू. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संकेत | शीर्षकको नाम | चालु | पुंजीगत | जम्मा |
| १ | २०२ | प्रदेश सभा | २२३६६९ | ३१२३८ | २५४९०७ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | २०५८२ | २४७० | २३०५२ |
| ३ | २१६ | मुख्य न्यायधिवक्ता | १४१७६ | ८५० | १५०२६ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५११३२३ | ६३२०० | ५७४५२३ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १११०९७ | १५९०० | १२६९९७ |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १०७७९७० | १७२५४८० | २८०३४५० |
| ७ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३७२२५६७ | २८४७१९ | ४००७२८६ |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २३३०९९ | ४७५९०० | ७०८९९९ |
| ९ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०९८१९८ | १३९२४२५० | १५०२२४४८ |
| १० | ३५० | सामाजिक विकास मन्त्रालय | ४२७३१०६ | १३३२५५५ | ५६०५६६१ |
| ११ | ३५२ | प्रदेश पूर्वाधार विकास प्राधिकरण | १००७५ | ७३४४० | ८३५१५ |
| १२ | ३५३ | सूचना तथा संचार प्रविधि प्रतिष्ठान | २५६६३ | ७१९५० | ९७६१३ |
| १३ | ३९१ | प्रदेश योजना आयोग | ३४६६९ | १००० | ३५६६९ |
| १४ | ६०२ | आर्थिक मामिला तथा योजना | १२२५२६४ | ६१७००० | १८४२२६४ |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | मन्त्रालय - विविध | | | |
| १५ | ८०१ | स्थानीय तह समानीकरण अनुदान | ६००००० | ० | ६००००० |
| १६ | ८०१ | स्थानीय तह सशर्त अनुदान | २०४००५० | ० | २०४००५० |
| १७ | ८०१ | स्थानीय तह समपुरक अनुदान | १५००००० | ० | १५००००० |
| १८ | ८०१ | स्थानीय तह विशेष अनुदान | १०००००० | ० | १०००००० |
| | | जम्मा | १७७२१५०८ | १८६१९९५२ | ३६३४१४६० |

प्रदेश सभाको संवत् २०७७ साल असार १५ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम पारित गरेको यो विधेयक अर्थ विधेयक हो भनी संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

पूर्ण बहादुर घर्ती
सभामुख
प्रदेश सभा

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

(धर्मनाथ यादव)
प्रदेश प्रमुख

मिति:-२०७६/४/७